National Nepali News

26.06.2026

---

यो आकाशवाणी गान्तोक हो

समाचार वन्दना राईबाट सुन्नुहोस् ।

---

मुख्य समाचार

- गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा NCORD को 10 औं शीर्ष-स्तरीय बैठकलाई सम्बोधन गर्दै लागूऔषध विरुद्ध एकताबद्ध युद्धको आह्वान गर्नुभयो।

- उपराष्ट्रपति सीपी राधाकृष्णन भोलिदेखि कर्नाटकको दुई दिने भ्रमणमा हुनुहुनेछ।

- केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले भन्नु भएको छ, कृत्रिम बुद्धिमत्ता नवप्रवर्तन, पारदर्शिता र दक्षताको नयाँ जग बन्दैछ।

- फिफा फुटबल विश्वकप समूह 1 को खेलमा, नर्वेले आज अबेर राति फ्रान्ससँग खेल्नेछ। समूह 1 को अर्को खेलमा, इराकले सेनेगलको सामना गर्नेछ। दुबै खेलहरू बिहान 12:30 बजे शुरु हुने निर्धारित छन्।

- पुरुष हक्कीमा, भारतले आज लन्डनमा हुने FIH प्रो लिगको अन्तिम खेलमा चिरप्रतिद्वन्द्वी पाकिस्तानको सामना गर्नेछ । खेल राति 10:20 बजे शुरु हुने निर्धारित छ।

अमित शाह –नार्को बैठक

गृहमन्त्री अमित शाहले आज लागू औषधको खतराले राष्ट्रिय सुरक्षा, सामाजिक स्थिरता, आर्थिक हित र युवा तथा देशको  भविष्यलाई खतरामा पारेको भन्दै लागूऔषत विरूद्ध एकताबद्ध युद्धको आह्वान गर्नुभयो। उहाँले यो युद्ध जित्न आध्यात्मिक नेताहरू, युवाहरू र आमाहरूलाई एउटै मञ्चमा भेला हुन आग्रह गर्नुभयो। श्री शाहले नयाँ- दिल्लीमा नार्को समन्वय केन्द्र (एनसीओआरडी) को १० औं शीर्ष- स्तरीय बैठकलाई सम्बोधन गर्दै यी टिप्पणीहरू गर्नुभयो। उहाँले भन्नुभयो, तथ्याङ्कले लागूऔषध तस्करी विरूद्धको सरकारको अभियान निरन्तर प्रगति गरिरहेको देखाउँछ।

श्री शाहले लागूऔषध अपराधसँग सम्बन्धित जानकारीको समयमै साझेदारीलाई सहज बनाउन लागूऔषध नियन्त्रण ब्यूरो -NCB ले धेरै अनलाइन पोर्टलहरू विकास गरेको बताउनुभयो।

बैठकको क्रममा गृहमन्त्री विभिन्न सरोकारवालाहरूसँग व्यापक परामर्श गरेर तयार पारिएको लागूऔषध नियन्त्रण २०२६-२०२९ संबधमा दृष्टिकोण पत्र जारी गर्नुभयो।

उपराष्ट्रपति- कर्नाटक

उपराष्ट्रपति सीपी राधाकृष्णन भोलिदेखि कर्नाटकको दुई दिने भ्रमणमा हुनुहुनेछ। उहाँ भोलि बेंगलुरूमा नादप्रभु श्री केम्पेगौडाको ५१७ औं जन्मजयन्ती समारोहमा भाग लिनुहुनेछ। श्री राधाकृष्णनले आइतबार राजीव गान्धी स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना दिवस र बेंगलुरूमा लागूपदार्थ दुरूपयोग र अवैध ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रमको एक भागको रूपमा आयोजना हुने नशा मुक्त भारत  सम्मेलनमा भाग लिनुहुनेछ।

धर्मेन्द्र- प्रधान- भुटान

शिक्षा मंत्री धर्मेन्द्र प्रधानले आज  भुटानका शिक्षामन्त्री यीजाङ दे थापासित भेट गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री प्रधानले शिक्षकहरूको तालिम, सीप र रोजगारी डिजिटल शिक्षा र एआई, दिगो पर्यटन, पारंपरिक चिकित्सा र समग्र कल्याणमा छलफल केन्द्रित भएको बताउनुभयो । उहाँले भन्नुभयो, दुवै देशले शिक्षा नवप्रवर्तन र क्षमता निर्माणका व्यापक

मंचहरूमा सहकार्य गर्ने अपार सम्भावना छ। दुवै मन्त्रीहरूले शिक्षा, सीप र ज्ञान साझेदारीमा भारत- भुटान सहयोगमा जोड दिनुभयो।

गोयल पुरस्कार

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयललाई लन्डनमा आयोजित वार्षिक युके-भारत पुरस्कारमा ब्रिटेन-भारत सम्बन्धलाई उन्नत बनाउनुमा असाधारण नेतृत्वको लागि विशेष पुरस्कारबाट सम्मानित गरिएको छ । मन्त्रीले आज सामाजिक सञ्जाल पोस्ट मार्फत यो जानकारी साझा गर्दै यो सम्मान सरकार, व्यवसाय, शिक्षा, संस्कृति र जीवन्त प्रवासी समुदायका ती सबै सेतु निर्माताहरुको हो जसले भारत-ब्रिटेन सम्बन्धलाई सुदृढ पार्न जारी राखेका छन्।

शेखावत- एआई नवप्रवर्तन

केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज भन्नुभयो, AI अधति कृत्रिम बुद्धिमत्ता नवप्रवर्तन, पारदर्शिता र दक्षताको नयाँ जग बन्दैछ। नयाँ दिल्लीमा इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाद्वारा आयोजित एआई नवप्रवर्तन शिखर सम्मेलनलाई सम्बोधन गर्दै मन्त्रीले विकसित भारतको संकल्पलाई साकार पार्न आधुनिक प्रविधि र नवप्रवर्तनले महत्त्वपूर्ण भूमिका खेल्छ, भन्नुभयो। मिडियासँग कुरा गर्दै श्री सिंहले भन्नुभयो, कृत्रिम बुद्धिमत्ताले विश्वभरका हरेक क्षेत्रलाई रूपान्तरण गर्न र व्यक्तिहरूको जीवनमा महत्त्वपूर्ण तरिकाले प्रभाव पार्न तयार छ।

जयशंकर-ईयू पत्रकारहरू

विदेशमन्त्री डा. एस जयशंकरले आज नयाँ दिल्लीमा विभिन्न युरोपेली देशका पत्रकारहरूको समूहसँग अन्तरक्रिया गर्नुभयो। उहाँले उनीहरूसँग भारतमा भइरहेका गहन परिवर्तनहरू, विश्वको वर्तमान उतारचढावको अवस्था र भारत र युरोप बीचको बढ्दो सम्बन्धहरु बारे कुराकानी गर्नुभयो।

कोलकाता-भवन भत्किँदा

कोलकाताको तारातला भवन भत्किँदा मृत्यु हुनेको संख्या बढेको छ। घाइतेहरूको कोलकाताको SSKM अस्पतालमा उपचार भइरहेको छ। उद्धार कार्य अझै जारी छ। यस घटनामा पुलिसले एक सरकारी अधिकारी सहित छ जनालाई पक्राउ गरेको छ। राज्य सरकारले हिजो घटनाको अनुसन्धान गर्न विशेष जांच समिति एसआईटी गठन गरेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले ज्यान गुमाउनेहरूका आफन्तलाई दुई-2 लाख रुपैयाँ र घाइतेहरूलाई 50-50 हजार रुपैयाँ दिने घोषणा गर्नु भएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले मृत्यु हुनेहरूका आफन्तलाई दस-दस लाख रुपैयाँ र घाइतेहरूलाई एक-एक लाख लाख रुपैयाँ दिने घोषणा गरेका छन्।

फिफा विश्वकप

फिफा फुटबल विश्वकप समूह 1 को खेलमा, नर्वेले आज अबेर राति फ्रान्ससँग खेल्नेछ। समूह 1 को अर्को खेलमा, इराकले सेनेगलको सामना गर्नेछ। दुबै खेलहरू बिहान 12:30 बजे शुरु हुने निर्धारित छन्। यसैबीच, इक्वेडर, आइभरी कोस्ट, नेदरल्याण्ड्स र Türkiye ले प्रतियोगितामा आ-आफ्ना match जितेका छन्।

भारत- पाकिस्तान – हक्की

पुरूष हक्कीमा, भारतले आज राति लन्डनमा हुने  प्रो लिंगको अन्तिम खेलमा चिरप्रतिद्वन्द्वी पाकिस्तानको सामना  गर्नेछ। खेल राति १०.३० बजेशुरू हुने निर्धारित छ। यस अघि भएको मुकाबिलामा भारतले पाकिस्तानलाई ४-३ ले पराजित गरेको थियो।

IRCTC पर्यटन

भारतीय रेलवे खानपान तथा पर्यटन निगम, IRCTC ले आफ्नो भारत गौरव डिलक्स पर्यटकीय रेलमा "डिवाइन ईस्ट टेम्पल टूर" शीर्षकको नयाँ पर्यटन प्रस्तुत गरेको छ। 11 दिनको रेल-आधारित यात्राले भक्त र यात्रुहरूलाई उत्तरप्रदेश, ओडिशा, पश्चिम बंगाल र झारखण्डका केही सबैभन्दा सम्मानित तीर्थस्थलहरुका साथै सांस्कृतिक रूपमा समृद्ध सम्पदा स्थलहरूको भ्रमण गर्ने अनौठो अवसर प्रदान गर्दछ । यो यात्रा दिल्लीको सफदरजंगबाट सुरु हुनेछ र दिल्ली फर्कनु अघि वाराणसी, पुरी, कोणार्क, चिलिका, भुवनेश्वर, कोलकाता, गंगासागर र वैद्यनाथ धामलाई समेट्नेछ । भ्रमण गरिने महत्त्वपूर्ण स्थलहरू वाराणसीमा काशी विश्वनाथ मन्दिर र गंगा आरती हुन्। कोलकाताको भ्रमण पछि हुनेछ, जसमा भिक्टोरिया मेमोरियल जस्ता स्थलचिह्नहरू, ऐतिहासिक घाटहरू र प्रतिष्ठित हावडा ब्रिज र विद्यासागर सेतु पार गर्दै हुगली नदीमा साँझको सूर्यास्त समावेश हुनेछ। यो रेलगाड़ी, AC III, AC II र AC । श्रेणीमा राम्ररी सुसज्जित क्याबिनहरू जस्ता आधुनिक सुविधाहरूले युक्त छ। डिभाइन इस्ट टेम्पल टुरको लागि बुकिङ IRCTC

यो पर्यटन पोर्टल र देशभरका अधिकृत IRCTC पर्यटन कार्यलयहरु मार्फत खुला छ।